आज मिति २०८१/०६/१८ गते यस मल्लरानी गाउँ कार्यपालिकाको आ.व २०८१/०८२ को चौथो बैठक गाउँपालिका अध्यक्ष श्री कृष्ण बहादुर खड्का ज्यू को अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी देहाएका एजेन्डाहरुमा छलफल तथा निर्णय गरियो ।

<u>तपसिल</u>

| क.सं | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | कृष्ण बहादुर खड्का | गा पा अध्यक्ष | |
| २. | रमेश कुमार श्रेष्ठ | गा पा उपाध्यक्ष | |
| ३. | चिन्ता बहादुर राहुँ | अध्यक्ष वडा नं १ | |
| ४. | लेख बहादुर थापा | अध्यक्ष वडा नं २ | |
| ५. | नोमराज पौडेल | अध्यक्ष वडा नं ३ | |
| ६. | कुमार श्रेष्ठ | अध्यक्ष वडा नं ४ | |
| ७. | गोपाल वहादुर थापा | अध्यक्ष वडा नं ५ | |
| ८. | सुर्य बहादुर सार्की | कार्यपालिका सदस्य | |
| ९. | तेजमान दमाई | कार्यपालिका सदस्य | |
| १०. | सिता पुन | कार्यपालिका सदस्य | |
| ११. | सुमित्रा वि.क. | कार्यपालिका सदस्य | |
| १२. | उजेली वि.क. | कार्यपालिका सदस्य | |
| १३. | हिमा कुमारी बुढाथोकी क्षेत्री | कार्यपालिका सदस्य | हिमा |
| १४. | गिर बहादुर सेजुवाल | सचिव | |

**आमन्त्रित**

| क.सं | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १५. | अखिल आचार्य | अ.इ.ई.ओ. | |
| १६. | कमान सिंह के.सी. | लेखा अधिकृत | |
| १७. | | | |

बैठक संख्याः ४

मितिः २०८१/०६/१८ गते, शुक्रवार

**मिति २०८१/०६/१८ गतेको गाउँकार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु:**

| क सं | प्रस्तावको विषय | निर्णय हुनुपर्ने विषय | कैफियत |
|---|---|---|---|
| (१) | तेस्रो गाउँकार्यपालिका बैठकको समिक्षा सम्बन्धमा । | आ.व २०८१/०८२ को तेस्रो गाउँकार्यपालिका बैठकको समिक्षा गर्ने । | |
| (२) | कार्यविधि, कानून, निर्देशिका र दस्तावेजहरु स्वीकृत सम्बन्धमा । | • मल्लरानी गाउँपालिकाको फोहोरमैला व्यस्थापन कार्यविधि २०८१<br>• नागरिक बजेट निर्देशिका २०८१<br>• स्थानीय तहको आन्तरिक लेखापरीक्षण आचारसंहिता २०८१<br>• स्थानीय सभाका लेखा समितिहरुको लागि कार्य संचालन मानक २०८१<br>• बाँझो जग्गा उपयोग अनुदान कार्यविधि २०८१<br>• संकलन केन्द्र संचालन र कृषि तथा पशु जन्य उपजको बजारीकरणमा आधारित अनुदान कार्यविधि २०८०, पहिलो संशोधन ।<br>• मौरी पालन र च्याउ खेती कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ | |
| (३) | सडक गुरु योजना निर्माण, जग्गा वर्गिकरण, आवधिक योजना निर्माण । | • मल्लरानी गाउँपालिकाको सडक गुरुयोजना निर्माण, जग्गा वर्गिकरण, आवधिक योजना निर्माण परामर्श सेवा बाट गर्ने गरी सार्वजनिक खरिद ऐन र नियमावली वमोजिम अगाडि बढाउने । | |
| (४) | विपद् राहत तथा उद्धार सम्बन्धमा । | • अविरल बर्षाको कारण मल्लरानी गाउँपालिका अन्तर्गतका वडाहरुमा भएको क्षेतिको विवरण संकलन गरी राहतको लागि सम्वन्धित निकायमा सिफारिस गर्ने ।<br>• बाटो मर्मतको लागि आवश्यकता वमोजिम व्याकोलोडर व्यवस्थापन गरी नियमानुसार कार्य अगाडी बढाउने । | |

निर बहादुर रेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

बैठक संख्या: ४

मिति: २०८१/०६/१८ गते, शुक्रवार

| | | | |
|---|---|---|---|
| (५) | IEE Report स्वीकृत सम्वन्धमा । | • मल्लरानी गाउँपालिकाका विभिन्न क्षेत्रहरुमा नदिजन्य पदार्थ उत्खनन गर्न तयार गरिएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गर्ने र जिल्ला विपद् व्यवस्थापन समितिमा स्वीकृतिको लागि पेश गर्ने । | |
| (६) | स्थानीय पूर्वाधार सहयोग कार्यक्रम(LISP)संचालन सम्वन्धमा । | • स्थानीय पूर्वाधार सहयोग कार्यक्रम(LISP) संचालनको लागि योजनाहरुको प्राथमिकरण गर्ने । | |
| (७) | आर्थिक सहयोग सम्वन्धमा। | • आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरुलाई उपचार/अन्य सहयोग उपलव्ध गराउने । | |
| (८) | बहुक्षेत्रीय पोषण कार्यक्रम सम्वन्धमा । | • मल्लरानी गाउँपालिकामा संचालन हुने बहुक्षेत्रीय पोषण कार्यक्रम संचालनको लागि अनुसूची १ वमोजिम बजेट स्वीकृत गर्ने । पोषण सहजकर्ताको तलव भत्ता बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ वमोजिम उपलव्ध गराउने । | |
| (९) | सूचना अधिकारी तोक्ने सम्वन्धमा । | • मल्लरानी गाउँपालिकाको सूचना अधिकारीको रुपमा गाउँपालिकामा सूचना प्रविधि अधिकृत पदमा कार्यरत कर्मचारी सुरेश पोखेललाई तोक्ने । | |
| (१०) | विविध विषयहरु । | • प्यूठान क्याम्पस अनुदान<br>• विविध समसामयिक विषयमा छलफल गर्ने । | |

<u>निर्णयहरुः</u>

१. आ.व २०८१/०८२ को तेस्रो बैठक गाउँकार्यपालिका बैठकको समिक्षा गरियो । गाउँपालिकाको आ व २०८०/०८१ को अन्तिम लेखापरीक्षण सम्पन्न भईसकेकोले सो सम्वन्धमा छलफल गरियो । कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयनको लागि विषयगत शाखा तथा वडाहरुमा पत्राचार गर्ने ।

गिर बहादुर सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

बैठक संख्या: ४

मिति: २०८१/०६/१८ गते, शुक्रवार

२. मल्लरानी गाउँपालिकाका तपसिल बमोजिमको कार्यविधि, निर्देशिका र दस्तावेजहरु स्वीकृत गर्ने ।

तपसिलः

- मल्लरानी गाउँपालिकाको फोहोरमैला व्यस्थापन कार्यविधि २०८१
- नागरिक बजेट निर्देशिका २०८१
- स्थानीय तहको आन्तरिक लेखापरीक्षण आचारसंहिता २०८१
- स्थानीय सभाका लेखा समितिहरुको लागि कार्य संचालन मानक २०८१
- बाँझो जग्गा उपयोग अनुदान कार्यविधि २०८१
- संकलन केन्द्र संचालन र कृषि तथा पशु जन्य उपजको बजारीकरणमा आधारित अनुदान कार्यविधि २०८०, पहिलो संशोधन ।
- मौरी पालन र च्याउ खेती कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१

३. मल्लरानी गाउँपालिकाको सडक गुरुयोजना निर्माण, जग्गा वर्गिकरण र आवधिक योजना निर्माण कार्य परामर्श सेवा बाट गर्ने गरी सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ वमोजिम अगाडि वढाउने ।

४. अविरल बर्षाको कारण मल्लरानी गाउँपालिका अन्तर्गतका वडाहरुमा घर, गोठ, खेतियोग्य जमिन र नियमित चल्ने सडकमा भएको क्षेतिको विवरण संकलन गरी राहतको लागि सम्वन्धित निकायमा नियमानुसार सिफारिस गर्ने ।गाउँपालिकाका सवै वडाहरुमा गाउँपालिकाको ब्याक्होलोडरले बाटो मर्मत कार्य गर्न नसक्ने देखिएकोले तोकिएको जिल्ला दररेट भित्र रहि कार्य गर्ने गरी वडा नं १,४ र ५ ले प्राविधिक ईस्टिमेट स्वीकृत गरी र वडा प्राविधिकको उपस्थितिमा बाटो मर्मत कार्य गर्ने ।

५. मल्लरानी गाउँपालिकाका विभिन्न क्षेत्रहरुमा नदिजन्य पदार्थ उत्खनन गर्न तयार गरिएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE Report) स्वीकृत गर्ने र जिल्ला विपद् व्यवस्थापन समितिमा स्वीकृतिको लागि पेश गर्ने ।

६. स्थानीय पूर्वाधार सहयोग कार्यक्रम(LISP) संचालनको लागि योजनाहरुको प्राथमिकरणतपसिल वमोजिम गर्ने ।

तपसिलः

| क सं | योजनाको नाम | वडा नं | प्रस्तावित रकम | गाउँपालिकाको साझेदारी रकम | कार्यक्रमले व्यहोर्ने रकम |
|---|---|---|---|---|---|
| १. | जनता मा.वि घेरावार | १ | २८००००० | ८००००० | २०००००० |
| २. | चदुले-हरिथुङ्गा-देउराली मो.वा | १ | २८००००० | ८००००० | २०००००० |

निर बहादुर सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | बान्ना -मरभुङ मो.बा | २ | २८००००० | ८००००० | २०००००० |
| ४. | मुलखोला कल्वर्ट निर्माण | २ | २८००००० | ८००००० | २०००००० |
| ५. | बुद्देवी कल्वर्ट निर्माण | ३ | २८००००० | ८००००० | २०००००० |
| ६. | गिरीचौर लिफ्ट खा.पा | ३ | २८००००० | ८००००० | २०००००० |
| ७. | खलंगा बजार पुर्णलाल कसाईको घर अगाडी वाल निर्माण | ४ | २८००००० | ८००००० | २०००००० |
| ८. | डाँडापसल बाटो निर्माण | ४ | २८००००० | ८००००० | २०००००० |
| ९. | रामपानी-वडाकार्यालय मो.बा | ५ | २८००००० | ८००००० | २०००००० |
| १०. | कुमिकोट-सिम-झाक्रिस्थान मो बा | ५ | २८००००० | ८००००० | २०००००० |

**७. तपसिल वमोजिमका आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरुलाई आर्थिक सहयोग उपलव्ध गराउने ।**

**तपसिलः**

- मल्लरानी गाउँपालिका वडा नं २ निवासी दिन बहादुर नेपाली लाई मृगौला रोगको उपचारको लागि रु ८ हजार रुपैयाँ आर्थिक सहयोग उपलव्ध गराउने ।
- मल्लरानी गाउँपालिका वडा नं ४ निवासी रवि शाहीको छोरीको उपचारको लागि रु ८ हजार रुपैयाँ आर्थिक सहयोग उपलव्ध गराउने ।
- मल्लरानी गाउँपालिका वडा नं ४ निवासी शिव प्रसाद साईको वुवा गोपाल साईलाई किड्नीको पत्थरी उपचारको लागि रु आठ हजार रुपैयाँ आर्थिक सहयोग उपलव्ध गराउने ।
- मल्लरानी गाउँपालिका वडा नं २ निवासी भोज बहादुर सुनारलाई फोक्सोको उपचारको लागि रु आठ हजार आर्थिक सहयोग उपलव्ध गराउने ।

**८. मल्लरानी गाउँपालिकामा संचालन हुने बहुक्षेत्रीय पोषण कार्यक्रम संचालनको लागि अनुसूची १ वमोजिम वजेट स्वीकृ गर्ने । पोषण सहजकर्ताको तलव भत्ता बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ वमोजिमको स्केल उपलव्ध गराउने ।पोषण सहजकर्ताको तलव सोधभर्ना गर्ने गरी करार कर्मचारी म्याचिङ फन्डवाट उपलव्ध गराउने ।**

**९. मल्लरानी गाउँपालिकाको सूचना अधिकारीको रुपमा गाउँपालिकामा सूचना प्रविधि अधिकृत पदमा कार्यरत कर्मचारी सुरेश पोखेललाई तोक्ने ।सो को जानकारी जिल्ला प्रशासन कार्यालयमा पठाउने ।**

**१०. तपसिलको विविध समसामयिक विषयः**

भिर बहादुर रेग्मीवाल
प्रमुख प्रशासकीय अधिकृत

बैठक संख्याः ४

मितिः २०८१/०६/१८ गते, शुक्रवार

- मल्लरानी गाउँपालिका वडा नं ४ गैराटोलमा रहेको घर संरचना ज्यादै पुरानो भई धराप भएको र मानिस हिडडुल गर्न समेत जोखिम रहेको साथै उक्त घरमा हाल घरमुली नरहेकोले जिर्ण घरको उचित व्यवस्थापन गर्न गैराटोल वस्ने पूर्ण प्रसाद श्रेष्ठ सहित २२ जनाले मिति २०८१/०४/२८ गते निवेदन पेश गर्नुभएको र मल्लरानी गाउँपालिकाको कार्यालयले उक्त निवेदनका आधारमा स्थलगत अनुगमन गर्दा समेत उक्त घर व्यवस्थापन गर्न उचित देखि मिति २०८१/०४/२९ गते घरधनिको नाममा सूचना जारी गरेकोमा हालसम्म सम्पर्कमा नआएकोले जोखिमवाट मुक्त गर्न घर व्यवस्थापनको लागि जिल्ला विपद् व्यवस्थापन समिति समक्ष अनुरोध गर्ने ।
- मल्लरानी गाउँपालिका वडा नं ४ स्थित प्यूठान क्याम्पसलाई अनुदान रकम रु २० लाख रुपैयाँ शैक्षिक अनुदान प्यूठान क्याम्पस शिर्षकवाट उपलव्ध गराउने ।
- अविरल बर्षाको कारण खानेपानी पाईप क्षेती भएकोले मल्लरानी गाउँपालिका वडा नं ४ निवासी द्रौपती श्रेष्ठलाई ५० एम. एम. को ४० मी खानेपानी पाईप विपद् व्यवस्थापन कोषवाट खर्च हुने गरी उपलव्ध गराउने ।
- मल्लरानी गाउँपालिका वडा नं ५ स्थित दुर्गादेवी मन्दिरको रंगरोगनको लागि रु १८ हजार रुपैयाँ सार्वजनिक सम्पत्तीको मर्मत सम्भार शिर्षकवाट उपलव्ध गराउने ।
- मल्लरानी गाउँपालिका वडा नं ४ स्थित कवडहल रंगरोगन ईस्टिमेट वमोजिम सार्वजनिक सम्पत्तीको मर्मत सम्भार शिर्षकवाट गर्ने।
- श्री महेन्द्र माध्यामिक विद्यालय खलंगा प्यूठानको ४ कोठे भवन रंगरोगनको लागि प्राविधिक ईस्टिमेट वमोजिम रकम सार्वजनिक सम्पत्तीको मर्मत सम्भार शिर्षकवाट उपलव्ध गराउने ।
- मल्लरानी गाउँपालिकामा आ.व २०८१/०८२ को स्वीकृत बार्षिक कार्यक्रममा मल्लरानी गाउँपालिका वडा नं ४ मा संस्कृति जगेर्नाको लागि जात्रा, सराय नाच, व्यवस्थापन शिर्षकमा विनियोजित रकम रु एक लाख १० हजार बाट रु ८० हजार रुपैयाँ कृष्ण जन्माष्टमी (कृष्ण जात्रा) शिर्षकमा र रु ३० हजार रुपैयाँ रोपाई जात्रा शिर्षकमा रकमान्तर गर्ने ।
- अखिल नेपाल राष्ट्रिय विद्यार्थि युनियन (छैठौं) लाई राष्ट्रिय सम्मेलनको लागि रु १० हजार रुपैयाँ सहयोग उपलव्ध गराउने ।
- मल्लरानी गाउँपालिकामा आ.व २०८१/०८२ को स्वीकृत बार्षिक कार्यक्रममा मल्लरानी गाउँपालिका वडा नं ४ मा खलंगा बसपार्कमा स्तनपान कक्ष निर्माणमा विनियोजित बजेट रु पचास हजार लाई वसपार्कमा एल ई डी टिभि जडान शिर्षकमा रकमान्तर गर्ने ।

बैठक संख्या: ४

मिति: २०८१/०६/१८ गते, शुक्रवार

- प्यूठान जिल्लामा रहेका गन्धर्व समुदायको जिल्ला भेलाको लागि रु पाँच हजार रुपैयाँ आर्थिक सहयोग उपलब्ध गराउने ।
- रोमा एडभटाईजिङ कम्पनी प्रा ली लाई सम्पर्क डायरी प्रकाशनको लागि रु पाँच हजार रुपैयाँ उपलब्ध गराउने ।
- सुशासन आवाजलाई सचेतनामुलक विज्ञापन प्रकाशनको लागि रु ५ हजार रुपैयाँ उपलब्ध गराउने ।
- युगज्योति प्रकाशन प्रा लि लाई सूचना प्रकाशन वापत रु १५ हजार रुपैयाँ उपलब्ध गराउने ।
- मल्लरानी गाउँपालिका वडा नं ४ निवासी हिमाल शाहको आमा सीता कुमारी शाहको मृगौला रोगको उपचारको लागि लागेको एम्बुलेन्स भाडा रकम रु दुई हजार दुई सय रुपैयाँ आर्थिक सहयोग उपलब्ध गराउने ।
- मल्लरानी गाउँपालिका वडा नं ४ मा मिति २०८१/०६/१६ गते संचालन गरिएको श्री तात्तेवाज भैरव समाज द्वारा प्रदर्शन गरिएको भैरव नाच संचालनमा भएको खर्च रु ५० हजार रुपैयाँ कार्यक्रम खर्चवाट भुक्तानी दिने ।
- राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल जिल्ला कार्यसमिति प्यूठानलाई रु ८ हजार रुपैयाँ आर्थिक सहयोग उपलब्ध गराउने ।
- अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थि युनियन लाई जिल्ला सम्मेलनको लागि रु ५ हजार आर्थिक सहयोग उपलब्ध गराउने ।
- क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाललाई महाधिवेशनको लागि रु १० हजार आर्थिक सहयोग उपलब्ध गराउने ।
- जनसत्ता पत्रिकामा सूचना प्रकाशन वापत राष्ट्रिय जनमोर्चालाई रु १५ हजार उपलब्ध गराउने ।
- कारागार कार्यालय प्यूठानको च नं २०५ मिति २०८१/०६/१६ गतेको पत्रानुसार उक्त कार्यालयमा थुनामा रहेका कैदिहरुलाई बिजया दशमी मनाउनको लागि आवश्यक पर्ने खर्च वापत रु १५ हजार सहयोग कार्यक्रम खर्चवाट गर्ने ।

गीर बहादुर रेजुवाल
प्रमुख प्रशासकीय अधिकृत